# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, माघ २७ गते २०२० साल

श्री ५ को सरकार

रक्षा मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको "शाही सैनिक (पाइनियर बटालियन) भर्ना नियमहरू, २०२०" सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम शाही सैनिक (पाइनियर बटालियन) भर्ना नियमहरू, २०२० रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुने छन्।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमाः–

"पाइनियर बटालियन" भन्नाले शाही सेनाको पाइनियर बटालियन सम्झनु पर्छ।

३. भर्ना उमेरः– (१) पाइनियर बटालियनको देहायका दर्जाको पदमा नयां भर्ना हुन देहायको, उमेर पुगेको हुनु पर्दछः–

डकर्मी, वज्रकर्मी, बोसी, आरावाल, सिकर्मी, कालिगढ सिकर्मी नाइके, हेडकालिगढ सार्कीलाई ‥ ‥ ‥ १८ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको पाइनियर र ढुंगेलाई ⋯ ⋯ १८ वर्ष पूरा भएको र २५ वर्ष ननाघेको।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) शाही सेना वा विदेशी सेनामा सेवा गरिसकेका एक्स सर्भिसमेन नेपाली नागरिक पाइनियर बटालियनका देहायका दर्जाको पदमा नयां भर्ना हुन देहायको उमेर पुगेको हुनु पर्दछ ।

| | |
|---|---|
| सिपाही | १८ वर्ष पूरा भएको र ३० वर्ष ननाघेको । |
| हवल्दारलाई | १८ वर्ष पूरा भएको र ३६ वर्ष ननाघेको । |
| जमदार | १८ वर्ष पूरा भएको र ४६ वर्ष ननाघेको । |
| सुबेदार, से. ले. | १८ वर्ष पूरा भएको र ४८ वर्ष ननाघेको । |
| कप. र सोभन्दा माथि | १८ वर्ष पूरा भएको र ५० वर्ष ननाघेको । |

४. सरुवा वा बढुवा भै आउनेको तलबः– शाही सेनाको अरू पदबाट पाइनियर बटालियनमा प्रमोशन पाई सरुवा भै आउने व्यक्तिको तलबको स्केल प्रमोशन पाएको पदको शुरू स्केलबाट शुरू हुनेछ । तर अरू पदबाट पाइनियर बटालियनको समान दर्जाको पदमा स वा हुनेले आफले खाई पाई आएको नघटने गरी पाइनियर बटालियनतर्फको दर्जाको मिल्दो नजिकको स्केल पाउनछ । त्यसरी सरुवा भै आउनेले साविक पदमा हदको स्केल खाइसकेको छ भने घट्न जानेभए पनि पाइनियर बटालियनको स वा भएको पदको हदको स्कल मात्र पाउनेछ ।

५ सरुवा हुनेको मन्जूरी लिनुपर्नेः– शाही सेनाको अरू पदबाट पाइनियर बटालियनमा सरुवा बढुवा गर्दा सरुवा बढुवा गरिने व्यक्तिको मन्जूरी लिनुपर्ने छ ।

६. उमेरको हदः– पाइनियर बटालियनको विभिन्न दर्जाको रिटायर हुने उमेरको हद शाही सेनाको समान दर्जाको उमेरको हदभन्दा ५ वर्ष बढी हुनेछ । तर, डकर्मी, वज्रकर्मी, बोसी, आरावाल, सिकर्मी, कालिगढ, सिकर्मी नाइके, हेड कालिगढ र सार्कीहरूकोहकमा रिटायर हुने उमेरको हद ५५ वर्षको हुनेछ ।

७. उचाइ र छातीको नापः– देहाय बमोजिम नभई पाइनियरबटालियनमा कुनै व्यक्तिलाई भर्ना गरिनेछैन ।

| उचाइ | –छाती |
|---|---|
| ५. १ "वा | ३१" वा |
| सोभन्दा माथि | सोभन्दा माथि |

तर डकर्मी, वज्र कर्मी, बोसी, आरावाल, सिकर्मी, कालिगढ, सिकर्मी नाइके हेड-कालिगढ र सार्कीहरूको हकमा भने उक्त नापको हद लागू हुने छैन ।

८. गैर कट्टी र खालीः– एकै पटक वा पटक पटक गरी पाथिनियर बटालियनका कुनै व्यक्ति वर्षभरिमा तीन दिनभन्दा बढी गैर परेमा निजलाई नोकरीबाट बर्खास्त गरिने छ ।

९०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सोभन्दा घटी दिन गैर भएको रहेछ भने जतिदिन गैर परेको रहेछ त्यति निजले पाउने तलबबाट गैरकट्टी गरिनेछ ।

९. पेन्सन.– पाइनियर बटालियनका व्यक्तिले २० वर्ष अविच्छिन्न श्री ५ को सरकारको सेवा पूरा गरेपछी शाहीसेनाको अरू समान दर्जाको व्यक्तिले पाएसरह निजले पाउने तलबको स्केलको दर रेट अनुसार पेन्सन पाउनेछ ।

१०. पाइनियर बटालियनमा भर्ना हुने गैह्र व्यक्तिले आफू भर्ना भएको पांच वर्षसम्म सरकारी सेवा गर्छु भन्ने शर्त स्वतः गरेको मानिनेछ ।

११. तालीम र तालीम अवधिमा दिइने ग्राण्टः–पाइनियर बटालियनका डकर्मी, बोसी, वस्त्रकर्मी, आरावाल, सिकर्मी, कालिगढ, सिकर्मी नाइके, हेड कालिगढ र सार्की बाहेक अरू गैन्ह व्यक्तिलाई सैनिक बेसिक तालीम दिई राइफलबाट चांदमारीसमेत गराइनेछ र उक्त ट्रेनिङ्ग ग्राण्टसमेत दिइनेछ । तर एजुकेशन ग्राण्ट भने दिइनेछैन ।

१२. नियमहरू लागू हुनेः– पायिनियर बटालियनका सम्बन्धमा यी नियमहरूमा लेखिएजतिमा यी नियमहरू बमोजिम र अरूमा सैनिक ऐन, २०१६ अन्तर्गत बनको अरू नियमहरू बमोजिम हुनेछ ।

आज्ञाले–

मे.ज. पद्मबहादुर खत्री

श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

६८२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।